# चार वर्षे बी.एड्. तहको नेपाली पाठ्यांशप्रति विद्यार्थीका धारणा

*महेशप्रसाद भट्ट**


## लेखसार

*प्रस्तुत अनुसन्धान चार वर्षे बि.एड्. तहको नेपाली पाठ्यांशप्रति विद्यार्थीका प्रतिक्रियासँग सम्बन्धित रहेको छ । यसमा त्रिवि शिक्षाशास्त्र संकाय, अन्तर्गतका विभिन्न क्यम्पसहरूमा कार्यान्वयनमा ल्याइएको पाठ्यांशप्रति विद्यार्थीहरूका रायलाई समीक्षण गरिएको छ । वस्तुतः यसको तयारीका क्रममा परिमाणात्मक अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ । यसक्रममा सामग्रीहरूलाई सर्वेक्षणात्मक विधि तथा पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ । विद्यार्थीका प्रतिक्रिया लिँदा निर्दिष्ट पाठ्यांशका प्रत्येक स्तम्भलाई प्रतिनिधित्व हुनेगरी प्रतिमानहरु निर्माण गरिएको छ । साथै प्रतिमानहरु उच्च, मध्य तथा निम्न के कस्तो रहेको भनी रूजुसूचीको ढाँचा तयार गरिएको छ । यसका लागि पाठ्यांश शीर्षक, परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य र पाठ्य विषय, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, सिफारिस गरिएका पाठ्यपुस्तक र सन्दर्भ पुस्तकप्रति निर्धारित ढाँचामा प्रतिक्रियाहरु लिइएको छ । पाठ्यांशप्रति विद्यार्थीका प्रतिक्रियाको समीक्षण गर्ने क्रममा केही नवीन तथ्य पत्ता लागेका छन् । वस्तुतः प्रतिक्रियित पाठ्यांशका कतिपय स्तम्भगत सूचनाहरु उपयुक्त तथा कतिपय स्तम्भगत सूचनाहरु कमजोर रहेको तथ्य प्राप्त भएको छ । प्रस्तुत अनुसन्धानबाट सम्बद्ध सरोकारवालालाई अपेक्षित सहयोग मिल्ने विश्वास लिइएको छ ।*


**मुख्य शब्दावली :** नेपाली पाठ्यांश, पाठ्यांशका तत्त्व, विद्यार्थी प्रतिक्रिया ।

## अध्ययनको पृष्ठभूमि

कुनै खास कक्षा शिक्षणका लागि तयार पारिएको विस्तृत योजना नै पाठ्यांश हो । यो शिक्षणको योजनाबद्ध शैक्षणिक दस्तावेज हो । यस्तो दस्तावेजमा के पढाउने, कसलाई पढाउने, किन पढाउने, कसरी पढाउने, कहाँ पढाउने, कहिले पढाउने, कसले पढाउने जस्ता प्रश्नहको वस्तुगत जवाफ समाविष्ट गरिएको हुन्छ (शर्मा र पौडेल, २०६८) । पाठ्यांश सुनिश्चित तत्त्वहरूको संयोजनीयताबाट निर्मित हुन्छ । पाठ्यांशलाई आकृति प्रदान गर्ने अवयवहरूलाई पाठ्यांशका तत्त्वहरु भनिन्छ । यी तत्त्वले पाठ्यांशलाई पूर्ण तुल्याउने कार्य गर्दछन् (भुसाल र भट्ट, २०७३) । पाठ्यांशमा प्रथमतः शीर्षक तथा तत् निबद्ध सूचना (शीर्षक, पूर्णङ्क, उत्तीर्णाङ्क, तह सङ्केत, कक्षा सङ्केत, पाठ्य घण्टी,

* भट्ट, सानोठिमी क्याम्पसमा नेपाली विषयका शिक्षण सहायक हुनुहुन्छ ।

समय भार...) समाविष्ट गरिएको हुन्छ । यस लगतै परिचय राखिएको हुन्छ । यसमा पाठ्यक्रमको तहगत सन्दर्भ, विद्यार्थी पृष्ठभूमि, निर्मित पाठ्यक्रमका विशेषता, पाठ्यक्रमगत प्रयोजन र सीमा एवम् पाठ्यक्रम निर्माण प्रक्रिया तथा निर्माताहरूको संलग्नताबारे जानकारीमूलक सूचना प्रविष्ट गरिएको हुन्छ । कतिपय पाठ्यांशविद्हरूले भने यस स्तम्भलाई पाठ्यांशको परिधीय तत्त्वका रूपमा उल्लेख गरेका छन् (अधिकारी, २०६३, पौडेल, २०७४) । तत् पश्चात् खास कक्षा अध्ययन गरिसकेपछि सिकारूमा प्राप्त हुने अपेक्षालाई उद्देश्यका रूपमा समाविष्ट गरिएको हुन्छ । यो पाठ्यांशको महत्त्वपूर्ण अङ्गका रूपमा रहन्छ । यसै अङ्गका आधारमा अन्य अङ्गहरु निर्धारित हुँदै जान्छन् (भुसाल र भट्ट, २०७३) । यसमा कुनै खास कक्षा उत्तीर्ण गरिसकेपछि विद्यार्थीहरूमा प्राप्त हुने संज्ञानात्मक तथा सिपगत अपेक्षाहरूलाई उल्लेख गरिएको हुन्छ । यस स्तम्भ लगतै विशिष्ट उद्देश्य तथा पाठ्य विषयको उल्लेख गरिएको हुन्छ । यस अन्तर्गत अध्ययनीय पाठ्यवस्तु प्रस्तुत गरिएको हुन्छ ।

विशिष्ट उद्देश्य तथा पाठ्य विषय स्तम्भ पश्चात शिक्षण विधि तथा प्रक्रियाको उल्लेख गएिको हुन्छ । यसमा कक्षकोठा शिक्षणका आवश्यक प्रक्रियाहरूलाई साधारण तथा विशिष्ट प्रक्रिया गरी छुट्टाछुट्टै स्तम्भमा शीर्षकीकरण गरिएको हुन्छ । यस क्रममा सिफरिस गरिएका विषयहरूलाई के कसरी अभ्यापन गर्ने भन्ने पक्षको युक्तियुक्त विधि एवम् प्रक्रियाहरु प्रस्तुत गरिएको हुन्छ । अर्थात् यसमा पाठ्यांशले तोकेका विषयवस्तुलाई कसरी कुन विधिद्वारा प्रभावकारी रूपमा शिक्षण गर्न सकिन्छ भन्नेबारे सूचित गरिएको हुन्छ । यस क्रममा प्रस्तुतीकरणात्मक, अभ्यासात्मक, उत्पादनात्मक, जस्ता शिक्षण प्रक्रिया निर्देश गरिएको हुन्छ । यस स्तम्भ लगतै मूल्याङ्कन प्रक्रिया सम्बद्ध निर्देशनलाई समावेश गरिएको हुन्छ । यस स्तम्भमा पाठ्यांशले अपेक्षा गरेका सिकाइ उपलब्धि अनुसार सिकारूहरूमा दक्षता विकास भए नभएको लेखाजोखा गर्ने तौरतरिकाको व्यवस्था गरिएको हुन्छ । यस अन्तर्गत कुन पद्धतिद्वारा विद्यार्थी उपलब्धिको मूल्याङ्कन गरिने हो, निर्माणात्मक, निर्णयात्मक वा दुबै कुन प्रकृति अवलम्बन गरिने हो, सोको उल्लेख गरिएको हुन्छ । यसमा सैद्धान्तिक वा प्रयोगात्मक मूल्याङ्कनबारे स्पष्ट व्यवस्था खुलस्त पारिएको हुन्छ (श्रीवास्तव, इ. १९९६) । साथै मूल्याङ्कनीय क्षेत्र, प्रश्न प्रकृति र अङ्कभारको समेत व्यवस्था गरिएको हुन्छ । यसैगरी पाठ्यांशको अन्तमा सिफरिस गरिएका पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकको पनि व्यवस्था गरिएको हुन्छ । यिनै तत्त्वको समष्टिबाट पाठ्यांशले निश्चित स्वरूप ग्रहण गर्दछ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धान पत्रको तयारीका क्रममा निम्नानुसारको विधि तथा प्रक्रियाको प्रयोग गरिएको छ :

**अनुसन्धान ढाँचा :** यस अनुसन्धान पत्रको तयारीका क्रममा मूलतः सर्वेक्षणत्मक अध्ययन विधिको अनुप्रयोग गरिएको छ । तथ्याङ्कको सङ्कलन, वर्गीकरण र विश्लेषणका लागि परिमाणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

**अध्ययन विषय :** स्नातक तह (चार वर्षे बी. एड्.) नेपाली विषयका लागि निर्मित पाठ्यांश नै प्रस्तुत अध्ययनको अध्ययनीय विषय हो ।

**नमूना छनोट :** यसका लागि सम्भावनात्मक नमुना छनोट पद्धतिको अनुशासनमा सरोकारवाला विद्यार्थीहरू छनोट गरिएको छ । यस क्रममा सानोठिमी क्याम्पसअन्तर्गत स्नातक तहमा अध्ययनरत ३० जना विद्यार्थीहरूलाई नमुना छनोटमा समावेश गरिएको छ ।

**सामग्री सङ्कलन :** यससँग सम्बन्धित साम्रगीहरू प्राथमिक र द्वितीयक गरी दुई स्रोतबाट सङ्कलन गरिएको छ । निर्मित रूजु सूचीका माध्यमबाट प्राप्त नमूना विद्यार्थीहरूका प्रतिक्रियाहरूलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । त्यसैगरी सम्बन्धित विषय विज्ञहरूका सुझावहरूलाई पनि यसमा प्राथमिक स्रोतका रूपमा समेटिएको छ । सम्बन्धित विषयका प्रकाशित पुस्तकहरू, अनुसन्धान सारहरू, पत्रपत्रिकाहरू, जर्नलहरूलाई तथ्याङ्क सङ्कलनको द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

**व्याख्या विश्लेषण र प्रस्तुतीकरण** : प्रस्तुत अनुसन्धान पत्र सर्वेक्षणात्मक विधिको अनुशासनमा तयार पारिएको छ । यसमा आवश्यकतानुसार पुस्तकालयीय विधिको पनि अनुप्रयोग गरिएको छ । यसमा वर्णनात्मक र विश्लेषणात्मक विधिबाट अध्ययन, व्याख्या, विश्लेषण गरिएको छ । यस क्रममा प्राप्त तथ्याङ्कहरूलाई प्रतिशताङ्क विधिबाट व्याख्या गरिएको छ । यस अध्ययनका क्रममा प्राप्त तथ्याङ्कको प्रतिशताङ्क व्याख्या गर्दा ९९.९९ प्रतिशतलाई १०० प्रतिशत मानी तथ्याङ्कन गरिएको छ । आवश्यकतानुसार प्राप्त तथ्याङ्कहरूको तालिकीकरण गरी विषयलाई प्रस्तुत गरिएको छ ।

## प्राप्ति

यस उपशीर्षक अन्तर्गत सर्वेक्षणबाट प्राप्त परिणामलाई प्रस्तुत गरिएको छ । यस क्रममा प्राप्त परिणामलाई आवश्यकतानुसार विविध उपशीर्षकमा व्यवस्थितीकरण गरिएको छ ।

## शीर्षकप्रति विद्यार्थीहरूका प्रतिक्रिया

पाठ्यांशको शीर्षक सूचनाका दृष्टिले पूर्ण तथा प्रस्तुतिका दृष्टिले उपयुक्त हुनुपर्दछ । यसको सम्बन्ध पश्चवर्ती अंगसँग सरोकार राख्ने हुनुपर्दछ । पाठ्यांशको शीर्षकीय संरचनाभित्र पाठ्यांश शीर्षक, पूर्णाङ्क, उत्तीर्णाङ्क, तह सङ्केत, कक्षा सङ्केत, वार्षिक पाठ्यभार, प्रतिदिन समयभार तथा निर्दिष्ट समयभारको उपयुक्तता रहनु वाञ्छनीय हुन्छ (ढुङ्गेल र दाहाल, २०७३) । प्रस्तुत अध्ययनका क्रममा शीर्षक स्तम्भअन्तर्गत पाठ्यांशको संरचना, पाठ्यांश शीर्षक, पूर्णाङ्क, उत्तीर्णाङ्क, तह कक्षा सङ्केत एवम् पाठ्यघण्टीको पर्याप्तता जस्ता सूचनामूलक स्तम्भबारे विद्यार्थीका प्रतिक्रिया लिइयो । यी सूचनामूलक स्तम्भहरूबारे प्रतिक्रिया लिँदा निम्नानुसारको परिणाम प्राप्त भएको छ :

**तालिका नं. १**

**शीर्षक स्तम्भप्रति विद्यार्थीहरूका प्रतिक्रिया**

| क्र.सं. | अध्ययनका आधारहरु | प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत % | मध्यम | प्रतिशत % | निम्न | प्रतिशत % |
| १ | पाठ्यांशको संरचना | ८ | २६.६४ | २० | ६६.६ | २ | ६.६७ |
| २ | पाठ्यांशको शीर्षक | ६ | १९.९८ | १० | ३३.३ | १४ | ४६.६२ |
| ३ | पूर्णाङ्क | ८ | २६.६४ | १५ | ४९.९५ | ७ | २३.३१ |
| ४ | उत्तीर्णाङ्क | १० | ३३.३ | १४ | ४६.६२ | ६ | १९.९८ |
| ५ | तह र कक्षा सङ्केत | १४ | ४६.६२ | १४ | ४६.६२ | २ | ६.६७ |
| ६ | पाठ्यघन्टीको पर्याप्तता | २ | ६.६७ | ६ | १९.९८ | २२ | ७३.३६ |

उल्लिखित तालिकाअनुसार पाठ्यांशको संरचना उत्तम छ मा २६-६४ प्रतिशत, मध्यम छ मा ६६.६ प्रतिशत तथा निम्न छ मा ६.६७ प्रतिशत विद्यार्थीले प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी पाठ्यांशको शीर्षक उत्तम छ मा १९.९८ प्रतिशत, मध्यम छ मा ३३.३ प्रतिशत तथा निम्न छ मा ४६.६५ प्रतिशत अभिमत प्राप्त भयो । २६.६४ प्रतिशत उत्तम ४९.९५ प्रतिशत मध्यम तथा २३.३१ प्रतिशत निम्न छ मा विद्यार्थीले पूर्णाङ्कबारे आफ्नो प्रक्रिया दिएको पाइयो । उत्तीर्णाङ्कबारे लिइएको प्रतिक्रिया उत्तम, मध्यम तथा निम्नमा क्रमशः ३३.३ प्रतिशत, ४६.६२ प्रतिशत र १९.९८ प्रतिशत प्रतिक्रिया दिएको भेटियो । उत्तममा ४६.६२ प्रतिशत, मध्यममा पनि ४६.६२ प्रतिशत तथा निम्नमा ६.६७ प्रतिशत सहभागीहरूले तह वा कक्षा सङ्केत स्तम्भप्रति आफ्नो अभिमत प्रकट गरेको देखियो । शीर्षक स्तम्भको लागि सोधिएको अन्तिम प्रतिमान पाठ्यघण्टीको पर्याप्तताबारे लिइएको प्रतिक्रियामा पनि मिश्रित प्रतिक्रियाहरु प्राप्त भए । यसमा क्रमशः ६.६७ प्रतिशत, १९.९८ प्रतिशत तथा ७३.३६ प्रतिशत सहभागीहरूले क्रमशः उत्तम, मध्यम तथा निम्नमा आफ्ना अभिमत प्रकट गरेको भेटियो ।

## परिचयप्रति विद्यार्थीहरूका प्रतिक्रिया

परिचय स्तम्भ पाठयांशको अर्को महत्त्वपूर्ण स्तम्भ हो । यसलाई शीर्षक लगत्तै प्रस्तुत गरिएको हुन्छ । वस्तुतः यस स्तम्भमा विद्यार्थीको पृष्ठभूमि, निर्मित पाठ्यक्रमको प्रयोजन, एवम् अपेक्षा, उक्त पाठ्यांशमा निर्दिष्ट विषयवस्तुको पूर्व सङ्केतन जस्ता सूचनाहरूको संगठन गरिएको हुन्छ, हुनुपर्दछ । त्यसो त यस स्तम्भको पूर्णताका लागि पाठ्यांश कार्यान्वयन प्रकृति, मूलभूत विशेषता तथा सीमाहरु पनि संक्षिप्त एवम् मितव्ययी ढङ्गबाट उल्लेख गरिनुपर्दछ (ढकाल, २०७०) । प्रस्तुत अध्ययनका क्रममा यस स्तम्भअन्तर्गत विद्यार्थीहरूसँग प्रत्यक्ष सरोकार राख्ने विद्यार्थी पृष्ठभूमि सङ्केत, पाठ्यांश प्रयोजन सङ्केत, पाठ्यांश अपेक्षा सङ्केत एवम् विषयवस्तु सङ्केतबारे विद्यार्थीहरूका प्रतिक्रिया लिइयो । लिइएका प्रतिक्रियाहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**
**परिचय स्तम्भप्रति विद्यार्थीहरूका प्रतिक्रिया**

| क्र.सं. | अध्ययनका आधारहरु | विद्यार्थीका प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत % | मध्यम | प्रतिशत % | निम्न | प्रतिशत % |
| १ | विद्यार्थी पृष्ठभूमि सङ्केत | १५ | ४९.९५ | १५ | ४९.९५ | - | - |
| २ | पाठ्यांशको प्रयोजन सङ्केत | १६ | ५३.२८ | १४ | ४६.६२ | - | - |
| ३ | पाठ्यांशको अपेक्षा सङ्केत | २० | ६६.६ | १० | ३३.३ | - | - |
| ४ | विषयवस्तु सङ्केत | १० | ३३.३ | २० | ६६.६ | - | - |

माथि प्रस्तुत तथ्याङ्कअनुसार विद्यार्थी पृष्ठभूमि सङ्केत उत्तम छ मा ४९.९५ प्रतिशत र मध्यम छ मा ४९.९५ प्रतिशत विद्यार्थीले आफनो अभिमत उल्लेख गरेको भेटियो । त्यसैगरी पाठ्यांशको प्रयोजन उत्तम तथा मध्यम छ मा क्रमशः ५३.२८ प्रतिशत र ४६.६२ प्रतिशत प्रतिक्रिया पाइयो । क्रमशः ६६.६ प्रतिशत र ३३.३ प्रतिशतले उत्तम र मध्यमम छ भन्ने प्रतिक्रिया पाठ्यांशको अपेक्षा सङ्केतमा जनाएको पाइयो । परिचय शीर्षकमा विषयवस्तुको सङ्केतअन्तर्गत ३३.३ प्रतिशतले उत्तम छ तथा ६६.६ प्रतिशतले मध्यम छ भनेको भेटियो । वस्तुतः परिचय स्तम्भअन्तर्गत चारवटै प्रतिमानहरूबारे लिइएका प्रतिक्रियाहरूमध्ये निम्न छ भन्ने अभिमत भने प्रस्तुत गरिएको भेटिएन

## साधारण उद्देश्यप्रति विद्यार्थीहरूका प्रतिक्रिया

पाठ्यांश साधारण उद्देश्यका दृष्टिले पूर्ण तथा उपयुक्त हुनुपर्दछ । साधारण उद्देश्यहरु प्रकृतिका दृष्टिले सामान्य रहे पनि पूर्णता, उपयुक्तता, विषयवस्तु केन्द्रितता, तहअनुरूपता, विषय संकेतिकता, सिलसिला, मात्रा तथा भौतिक विशेषताले विशिष्ट एवम् युक्तियुक्त हुनुपर्दछ (ढकाल, २०७०) । यस्ता उद्देश्यहरु मूलतः समसामयिक एवम् विद्यार्थी केन्द्रित हुनुपर्ने ठानिन्छ । यस्ता उद्देश्यहरूले पाठ्यांशका पश्चवर्ती स्तम्भगत सूचनाहरूलाई नियन्त्रित, निर्देशित तथा सुपरिभाषित गरेको हुनुपर्दछ । साधारण उद्देश्यहरु एकधिक पाठ्यांशमा अन्तर आबद्धता पनि हुनु उपयुक्त मानिन्छ । प्रस्तुत अध्ययनका क्रममा छनोटमा परेका विद्यार्थीहरूलाई साधारण उद्देश्य स्तम्भबारे जम्माजम्मी तिनवटा प्रतिमानहरु निर्धारण गरेर प्रतिक्रिया लिइएको थियो । यी प्रतिमानबारे विद्यार्थीका प्रतिक्रियालाई तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ३**

**साधारण उद्देश्य स्तम्भप्रति विद्यार्थीहरूका प्रतिक्रिया**

| क्र.सं. | अध्ययनका आधारहरु | विद्यार्थीका प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत % | मध्यम | प्रतिशत % | निम्न | प्रतिशत % |
| १ | पूर्ण | ६ | १९.९८ | ८ | २६.६४ | १६ | ५३.२८ |
| २ | उपयुक्त | ७ | २३.३१ | ८ | २६.६४ | १५ | ४९.९५ |
| ३ | समसामयिक | ८ | २६.६४ | ७ | २३.३१ | १५ | ४९.९५ |

उल्लिखित तालिकामा प्रस्तुत तथ्याङ्कका अनुसार साधारण उद्देश्यगत स्तम्भबारे विद्यार्थीका मिश्रित प्रतिक्रियाहरु प्राप्त भएका छन् । यसमा उल्लेख भएअनुसार साधारण उद्देश्यको पूर्णता उत्तम छ मा १९.९८ प्रतिशत, मध्यम छ मा २६.६४ प्रतिशत तथा निम्न छ मा ५३.२८ प्रतिशत प्रतिक्रिया पाइयो । त्यसैगरी उपयुक्ततामा उत्तम, मध्यम र निम्नमा क्रमशः २३.३१ प्रतिशत, २६.६४ प्रतिशत र ४९.९५ प्रतिशत विद्यार्थीले प्रतिक्रिया दिएको पाइयो । साधारण उद्देश्यमा समसामयिकताको गुणअन्तर्गत उत्तम छ मा २६.६४ प्रतिशत मध्यम छ मा २३.३१ प्रतिशत र निम्न छ मा ४९.९५ प्रतिशत विद्यार्थीले प्रतिक्रिया दिएको पाइयो । वस्तुतः साधारण उद्देश्यमा सिकारूहरूले दिएका प्रतिक्रियाअन्तर्गत निम्न छ मा अधिक विद्यार्थीले प्रतिक्रिया दिएको देखियो ।

## विशिष्ट उद्देश्य तथा पाठ्यविषयप्रति विद्यार्थीहरूका प्रतिक्रिया

वस्तुतः विशिष्ट उद्देश्य र पाठ्यविषय पाठ्यांशका छुट्टाछुट्टै स्तम्भ हुन् । विवेच्य पाठ्यांशमा भने यी दुई स्तम्भलाई एकीकृत रूपमा प्रस्तुत गरिएको छ । विशिष्ट उद्देश्य तथा पाठ्यविषयलाई आनुरूपिकता कायम गर्न यस्तो गरिएको प्रतीत हुन्छ । पाठ्यांशमा निर्दिष्ट विशिष्ट उद्देश्य वस्तुनिष्ठ मापनीय, सिकारू केन्द्रित, समसामयिक, सन्तुलित, पाठानुरूप तथा समयका दृष्टिकोणले परिसीमित हुनुपर्दछ । त्यसैगरी यस्ता पाठ्यांशमा निर्दिष्ट पाठ्यविषय पनि उपयुक्तता, विविधता, सन्तुलन जस्ता गुणले युक्त हुनुपर्दछ (शर्मा र पौडेल, २०६८) । निर्देशित पाठ्यवस्तु छनोट र स्तरणका आधारभूत मापदण्डहरूलाई पालन गरेर तयार पारिएका हुनुपर्दछ । एवम् निर्धारित विशिष्ट उद्देश्य तथा पाठ्यविषयमा अन्तरआवद्धताको गुण हुनुपर्दछ । त्यसो त यसरी निर्देशित गरिने विषयवस्तुमा समतलीय र तहीय स्तरणका आधारभूत मापदण्ड पनि अवलम्बित हुनुपर्दछ । सिकारूहरूमा यिनै विषयका माध्यमबाट निर्धारित उद्देश्य प्राप्त हुने भएकाले निर्दिष्ट पाठ्य विषय सिकाइगत दृष्टिले युक्तियुक्त हुनुपर्दछ ? विवेच्य पाठ्यांशको विशिष्ट उद्देश्य तथा पाठ्य विषय स्तम्भ अध्ययनार्थ जम्माजम्मी एघारवटा प्रतिमानहरु तयार पारिएको थियो । निर्मित प्रतिमानहरु उक्त स्तम्भसँग सम्बन्धित मापनीयता, समसामयिता, व्यावहारिकता, सन्तुलन अन्तरआवद्धतासँग सम्बन्धित थिए । त्यसैगरी छनोटगत उपयुक्तता, विविधता, विधा तथा विषयगत सन्तुलन, विषय र समयगत सन्तुलन, एवम् समतलीय तथा तहीय स्तरण जस्ता प्रतिमान तयार गरी उक्त प्रतिमानहरु स्नातक तहका पाठ्यांशमा केकस्ता छन् भनी सोधिएको थियो । यीबाट प्राप्त प्रतिक्रियाहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ४**

**विशिष्ट उद्देश्य तथा पाठ्यविषय स्तम्भप्रति विद्यार्थीहरूका प्रतिक्रिया**

| क्र.सं. | अध्ययनका आधारहरू | विद्यार्थीका प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत % | मध्यम | प्रतिशत % | निम्न | प्रतिशत % |
| १ | मापनीयता | १२ | ३९.९६ | १४ | ४६.६२ | ४ | १३.३२ |
| २ | समसामयिकता | ७ | २३.३१ | १० | ३३.३ | १३ | ४३.२९ |
| ३ | व्यावहारिकता | १३ | ४३.२९ | १४ | ४६.६२ | ३ | ९.९९ |
| ४ | उद्देश्यगत सन्तुलन | १० | ३३.३ | १३ | ४३.२९ | ७ | २३.३१ |
| ५ | अन्तरआवद्धता | ४ | १३.३२ | ८ | २६.६४ | १८ | ५९.९४ |
| ६ | छनोटगत उपयुक्तता | १० | ३३.३ | ११ | ३६.६३ | ९ | २९.९७ |
| ७ | विविधता | ६ | १९.९८ | ८ | २६.६४ | १६ | ५३.२८ |
| ८ | विधागत/विषयगत सन्तुलन | २ | ६.६६ | ६ | १९.९८ | २२ | ७३.२६ |
| ९ | विषय र समयगत सन्तुलन | ४ | १३.३२ | ६ | १९.९८ | २० | ६६.६ |
| १० | समतलीय स्तरण | ८ | २६.६४ | १० | ३३.३ | १२ | ३९.९६ |
| ११ | तहीय स्तरण | ८ | २६.६४ | १२ | ३९.९६ | १० | ३३.३ |

उल्लिखित तालिकामा प्रस्तुत भए अनुसार स्नातक तह चारवर्षे बि.एड.का पाठ्यांशहरूमा उद्देश्य र पाठ्यविष निबद्ध प्रतिक्रिया लिँदा अधिकांश प्रतिक्रियाहरू मिश्रित प्रकृतिका पाइए । जसअनुसार मापनीयतामा ३९.९६ प्रतिशतले उत्तम, ४६.६२ प्रतिशतले मध्यम, १३.३२ प्रतिशतले निम्न र समसामयिकतामा २३.३१ प्रतिशतले उत्तम, ३३.३ प्रतिशतले मध्यम तथा ४३.२९ प्रतिशतले निम्न रहेको जनाए । त्यसैगरी व्यावहारिकताअन्तर्गत ४३.३९ प्रतिशतले उत्तम, ४६.६२ प्रतिशतले मध्यम तथा ९.९९ प्रतिशतले निम्नमा आफ्नो मत प्रकट गरेको पाइयो । ३३.३ प्रतिशतले उत्तम ४३.२९ प्रतिशतले मध्यम तथा २३.३१ प्रतिशतले निम्न रहेको भनी उद्देश्यगत सन्तुलनअन्तर्गत प्रतिक्रिया दिएको भेटियो । निर्दिष्ट उद्देश्य र पाठ्यविषयबिचको अन्तर्आबद्धता केकस्तो रहेको छ भन्ने प्रतिमानमा १३.३२ प्रतिशतले उत्तम रहेको, २६.६४ प्रतिशतले मध्यम रहेको तथा २९.९७ प्रतिशतले निम्न रहेको भनेको पाइयो । छनोटगत उपयुक्तताअन्तर्गत उत्तम, मध्यम र निम्नमा क्रमशः ३३.३ प्रतिशत, ३६.६३ प्रतिशत र २९.९७ प्रतिशतले आफ्ना मत उल्लेख गरेको पाइयो । निर्दिष्ट पाठ्यांशमा विधागत र विषयगत सन्तुलन सम्बन्धीको प्रतिमानमा ६.६६ प्रतिशत, १९.९८ प्रतिशत र ७३.२६ प्रतिशतले क्रमशः उत्तम, मध्यम र निम्न भनेको पाइयो । विषय र समयको सन्तुलित वितरण सम्बन्धीको प्रतिमानमा उत्तम, मध्यम र निम्नको प्रतिशत क्रमशः १३.३२, १९.९८ र ६६.६ रहेको पाइयो । प्रस्तुत अध्ययनका क्रममा स्तरण सम्बन्धी व्यवस्थालाई समतलीय र तहीय स्तरण सम्बन्धी दुई छुट्टा छुट्टै प्रतिमान उल्लेख गरी प्रतिक्रिया लिइएको थियो । जसमा समतलीय स्तरणअन्तर्गत २६.६४ प्रतिशत, ३३.३ प्रतिशत र ३९.९६ प्रतिशत तथा तहीय स्तरणअन्तर्गत २६.६४ प्रतिशत, ३९.९६ प्रतिशत र ३३.३ प्रतिशतले क्रमशः उत्तम, मध्यम र निम्न रहेको बताए । यसरी विशिष्ट उद्देश्य र पाठ्यविषय स्तम्भको पूर्णता, उपयुक्तता, पर्याप्तता, सामयिकता जस्ता गुणहरूप्रति विद्यार्थीहरूका मिश्रित प्रतिक्रियाहरू प्राप्त भए ।

## शिक्षण प्रक्रियाप्रति विद्यार्थीहरूका प्रतिक्रिया

शिक्षण प्रक्रिया शिक्षण पद्धति, शिक्षण विधि, शिक्षण योजना, शिक्षण सामग्री जस्ता कक्षा कार्यकलापको समष्टि हो । प्रस्तुत स्तम्भ विशिष्ट तथा पाठ्यविषय स्तम्भको लगत्तै राखिने स्तम्भ हो । यस स्तम्भले निर्दिष्ट पाठ्यविषयलाई शिक्षकद्वारा कक्षाकोठामा प्रस्तुत गर्ने तौरतरिकालाई दर्शाउँछ (पौडेल, २०७४) । वस्तुतः विद्यार्थीलाई शिक्षण प्रशिक्षण गर्न सहज होस् भन्ने हेतुले यस स्तम्भअन्तर्गत समाविष्ट सूचना शिक्षकलाई सरल र विद्यार्थीलाई सहज हुनपर्दछ । यस स्तम्भअन्तर्गत निर्दिष्ट पाठ्यविषयको शिक्षणका निमित्त साधारण र विशिष्ट शिक्षण विधि युक्तियुक्त ढङ्गले अभिनिर्देशित गरिएको हुनुपर्दछ । साथसाथै यी विधिहरु स्तरीय, उपयुक्त पर्याप्त, समसामयिक, सिकारू केन्द्रित, विविध एवम् कक्षाकोठाभित्र प्रयोग्य हुनुपर्दछ । प्रस्तुत अध्ययनका क्रममा यस स्तम्भको प्रतिक्रियाका निमित्त पर्याप्तता, स्तरीयता, उपयुक्तता, समसामयिकता, विद्यार्थी केन्द्रितता एवम् विविधता गरी छ वटा प्रतिमानहरूको परीक्षण गरिएको थियो । यी प्रतिमानबाट प्राप्त प्रतिक्रियाहरूलाई तल उल्लेख गरिन्छ :

**तालिका नं. ५**

**शिक्षण प्रक्रिया स्तम्भप्रति विद्यार्थीहरूका प्रतिक्रिया**

| क्र.सं. | अध्ययनका आधारहरु | विद्यार्थीका प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत % | मध्यम | प्रतिशत % | निम्न | प्रतिशत % |
| १ | पर्याप्त | ८ | २६.६४ | १२ | ३९.९६ | १० | ३३.३ |
| २ | स्तरीय | ६ | १९.९८ | ८ | २६.६४ | १६ | ५२.२८ |
| ३ | उपयुक्त | ४ | १३.३२ | १२ | ३९.९६ | १४ | ४६.६२ |
| ४ | समसामयिक | ३ | ९.९९ | ८ | २६.६४ | १९ | ६३.२७ |
| ५ | विद्यार्थी केन्द्रित | १ | ३.३३ | २ | ६.६६ | २७ | ८९.९१ |
| ६ | विविधता | १ | ३.३३ | ७ | १९.९८ | २२ | ७३.२६ |

माथि प्रस्तुत तालिकाअनुसार शिक्षण प्रक्रियाबारे लिइएका प्रतिक्रियाहरूमध्ये पर्याप्तअन्तर्गत उत्तममा २६.६४ प्रतिशत मध्यममा ३९.९६ प्रतिशत र निम्नमा ३३.३ प्रतिशत प्रतिक्रिया प्राप्त भए । त्यसैगरी १९.९८ प्रतिशतले उत्तम, २६.६४ प्रतिशतले मध्यम र ५२.२८ प्रतिशतले निम्न रहेको भनी शिक्षण प्रक्रिया निबद्ध स्तरीयताको प्रतिमानप्रति प्रतिक्रिया दिएको पाइयो । उपयुक्तता अन्तर्गत उत्तम, मध्यम र निम्नमा क्रमशः १३.३२ प्रतिशत, ३९.९६ प्रतिशत र ४६.६२ प्रतिशतले आआफ्ना अभिमत जाहेर गरेको भेटियो । शिक्षण प्रक्रियाको समसामयिकतामा ९.९९ प्रतिशतले उत्तम, २६.६४ प्रतिशतले मध्यम तथा ६३.२७ प्रतिशतले निम्न रहेको जनाए । विद्यार्थी केन्द्रित र विविधता सम्बन्धितको प्रतिमान उत्तम मध्यम र निम्नमा क्रमशः ३.३३ प्रतिशत, ६.६६ प्रतिशत र ८९.९१ प्रतिशत तथा ३.३३ प्रतिशत, १९.९८ प्रतिशत र ७३.२६ प्रतिशतले प्रतिक्रिया दिएको पाइयो । यसरी प्रस्तुत स्तम्भ निबद्ध अधिकांश प्रतिक्रिया निम्न रहेको भनिएको देखियो ।

## मूल्याङ्कन प्रक्रियाप्रति विद्यार्थीहरूका प्रतिक्रिया

मूल्याङ्कन प्रक्रिया पाठ्यांशको महत्त्वपूर्ण स्तम्भ हो । यसमा कक्षा सिकाइ उपलब्धिको निर्माणात्मक र निर्णयात्मक परीक्षण गर्ने उपयुक्त साधन तथा माध्यमबारे अभिनिर्देशन गरिएको हुन्छ । प्रस्तुत स्तम्भमा निर्दिष्ट मूल्याङ्कनीय विधि तथा साधनहरू सन्तुलित सान्दर्भिक उपयुक्त, पर्याप्त, स्तरीय, वैज्ञानिक, वैध, विश्वसनीय हुनुपर्ने भनिन्छ (श्रीवास्तव, इ. १९९६) । प्रस्तुत पाठ्यांश अध्ययनार्थ यस स्तम्भको लागि मूल्याङ्कनीय सन्तुलन, सान्दर्भिकता, प्रश्न प्रकृति र ढाँचा एवम् अङ्कभार जस्ता चारवटा प्रतिमानहरूको परीक्षण गरिएको थियो । परीक्षण गरिएका प्रतिमानहरू निबद्ध प्रतिक्रियाहरूलाई तलको तालिकामा उल्लेख गरिन्छ :

**तालिका नं. ६**

**मूल्याङ्कन प्रक्रिया स्तम्भप्रति विद्यार्थीहरूका प्रतिक्रिया**

| क्र.सं. | अध्ययनका आधारहरू | विद्यार्थीका प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत % | मध्यम | प्रतिशत % | निम्न | प्रतिशत % |
| १ | मूल्याङ्कनीय सन्तुलन | ४ | १३.३२ | ११ | ३६.६३ | १५ | ४९.९५ |
| २ | सान्दर्भिकता | ८ | २६.६४ | १५ | ४९.९५ | ७ | १९.९८ |
| ३ | प्रश्न प्रकृति र ढाँचा | १२ | ३९.९६ | १४ | ४६.६२ | ४ | १३.३२ |
| ४ | अङ्कभार | १२ | ३९.९६ | १० | ३३.३ | ८ | २६.६४ |

माथिको तालिकामा प्रस्तुत तथ्याङ्कअनुसार विद्यार्थीहरूले मिश्रित प्रतिक्रिया दिएका छन् । यसअनुसार मूल्याङ्कनीय सन्तुलनप्रति लिइएको प्रतिक्रियाअन्तर्गत उत्तममा १३.३२ प्रतिशत, मध्यममा ३६.६३ प्रतिशत तथा निम्नमा ४९.९९५ प्रतिशत नतिजा प्राप्त भयो । त्यसैगरी सान्दर्भिकता सम्बन्धी प्रतिमान अन्तर्गत उत्तम, मध्यम तथा निम्नमा क्रमशः २६.६४ प्रतिशत, ४९.९५ प्रतिशत र १९.९८ प्रतिशत प्रतिक्रिया पाइए । प्रश्न प्रकृति र ढाँचासम्बन्धी लिइएको प्रतिक्रियामा उत्तम, मध्यम र निम्नमा क्रमशः ३९.९६ प्रतिशत, ४६.६२ प्रतिशत र १३.३२ प्रतिशत सहभागीले आफ्नो जवाफ दिएको पाइयो । त्यसैगरी अङ्कभार सम्बन्धी सोधिएको प्रतिमानमा ३९.९६ प्रतिशतले उत्तम, ३३.३ प्रतिशतले मध्यम तथा २६.६४ प्रतिशतले निम्न रहेको जनाए ।

## सिफारिस गरिएका पाठ्यपुस्तकप्रति विद्यार्थीहरूका प्रतिक्रिया

निर्मित पाठ्यक्रमको कार्यान्वयनका लागि सिफारिस गरिएका आधिकारिक पाठ्यसामग्रीलाई सिफारिस गरिएका पाठ्यपुस्तक भनिन्छ (पौडेल, २०७४) । यस्ता पाठ्यपुस्तकहरू पाठ्यांशअनुरूप तथा शिक्षार्थीको स्तरअनुरूप हुनुपर्दछ । निर्दिष्ट पाठ्पुस्तकहरूमा उपयुक्तता, समसामयिकता, स्तरीयता, प्राप्यता जस्ता गुण हुनु वाञ्छनीय देखापर्दछ । प्रस्तुत अध्ययनका क्रममा स्नातक तहको पाठ्यांशअन्तर्गत सिफारिस गरिएका पाठ्यपुस्तकसम्बन्धी सिकारूका प्रतिक्रियाहरू लिँदा उपयुक्तता, प्राप्यता तथा समसामयिकता

जस्ता तीनवटा प्रतिमानहरूको परीक्षण गरिएको थियो । यस क्रममा प्राप्त परिणामलाई तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ७**

**सिफारिस गरिएका पाठ्यपुस्तक स्तम्भप्रति विद्यार्थीहरूका प्रतिक्रिया**

| क्र.सं. | अध्ययनका आधारहरु | विद्यार्थीका प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत % | मध्यम | प्रतिशत % | निम्न | प्रतिशत % |
| १ | उपयुक्तता | २ | ६.६६ | २० | ६६.६ | ८ | २६.६४ |
| २ | प्राप्यता | १२ | ३९.९६ | १३ | ४३.२९ | ५ | १६.६५ |
| ३ | समसामयिकता | ३ | ९.९९ | १५ | ४९.९५ | १२ | ३९.९६ |

माथि उल्लिखित तालिकामा निर्दिष्ट परिणामअनुसार सिफारिस गरिएका पाठ्यपुस्तकको उपयुक्तता अन्तर्गत उत्तम छ मा ६.६६ प्रतिशत, मध्यम छ मा ६६.६ प्रतिशत तथा निम्न छ मा २६.६४ प्रतिशत प्रतिक्रिया प्राप्त भए । त्यसैगरी सिफारिस गरिएका पाठ्यपुस्तकको प्राप्यता निबद्ध गुण उत्तम, मध्यम तथा निम्न छ मा क्रमशः ३९.९६ प्रतिशत ४३.२९ प्रतिशत तथा १६.६५ प्रतिशत प्रतिक्रिया प्राप्त भए । यसको परीक्षणका लागि निर्दिष्ट अन्तिम प्रतिमान समसामयिकताको गुण उत्तम, मध्यम तथा निम्नमा भने क्रमशः ९.९९ प्रतिशत, ४९.९५ प्रतिशत र ३९.९९६ प्रतिशत प्रतिक्रिया प्राप्त भए । समग्रमा सिफारिस गरिएका पाठ्यपुस्तकहरु निबद्ध प्रतिक्रिया मिश्रित देखिए ।

## सन्दर्भ सामग्रीप्रति विद्यार्थीहरूका प्रतिक्रिया

विद्यार्थीहरूले सन्दर्भका रूपमा प्रयोग गर्ने सामग्रीलाई सन्दर्भसामग्री भनिन्छ (अधिकारी, २०६३) । यस्ता सामग्रीहरु अनुसन्धानका परिणाममा आधारित वस्तुगत हुनुपर्दछ । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा ख्याति प्राप्त विद्वान्हरूका आधिकारिक सामग्रीहरूलाई पाठ्यांश निर्माताले यस स्तम्भअन्तर्गत समेटेका हुन्छन् । यी सामग्री पनि पाठ्यांश कार्यान्वयनमा सहयोगी तथा विद्यार्थीले पढ्न खोज्दा सरल हुने खालका हुनुपर्दछ (पौडेल, २०७४) । यस स्तम्भअन्तर्गत निर्दिष्ट सन्दर्भ सामग्रीहरु पनि उपयुक्त, प्राप्य समसामयिक, स्तरीय तथा अनुसन्धानमा आधारित हुनुपर्दछ । प्रस्तुत अध्ययनका क्रममा निर्दिष्ट पाठ्यांशको यस स्तम्भप्रति विद्यार्थीका प्रतिक्रिया लिँदा सन्दर्भ सामग्रीको उपयुक्तता, प्राप्यता तथा समसामयिकता गरी तीनवटा प्रतिमानको परीक्षण गरिएको थियो । यस क्रममा प्राप्त परिणामलाई तलको तालिकामा प्रस्तुत गरिन्छ :

**तालिका नं. ८**

**सन्दर्भ सामग्री स्तम्भप्रति विद्यार्थीहरूका प्रतिक्रिया**

| क्र.सं. | अध्ययनका आधारहरु | विद्यार्थीका प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | प्रतिशत % | मध्यम | प्रतिशत % | निम्न | प्रतिशत % |
| १ | उपयुक्तता | २ | ६.६६ | १८ | ५९.९४ | १० | ३३.३ |
| २ | प्राप्यता | - | - | २ | ६.६६ | २८ | ९३.२४ |
| ३ | समसामयिकता | २ | ६.६६ | १२ | ३९.९६ | १६ | ५३.२८ |

उल्लिखित तालिकामा प्रस्तुत भए अनुसार सन्दर्भ सामग्री के कति उपयुक्त छन् भनी परीक्षण गरएको प्रतिमानमा ६.६६ प्रतिशतले उत्तम, ५९.९४ प्रतिशतले मध्यम तथा ३३.३ प्रतिशतले निम्न छन् भनेको पाइयो । त्यसैगरी सन्दर्भ सामग्रीको प्राप्यता सम्बद्ध गुण मध्यम र निम्नमा क्रमशः ६.६६ प्रतिशत र ९३.२४ प्रतिशत प्रतिक्रिया प्राप्त भए । यस प्रतिमानअन्तर्गत उत्तममा भने कुनै पनि प्रतिक्रिया प्राप्त भएनन् । समसामयिकताको गुण उत्तम, मध्यम र निम्नमा क्रमशः ६.६६ प्रतिशत ३९.९६ प्रतिशत तथा ६२.२८ प्रतिशत विद्यार्थीका प्रतिक्रिया प्राप्त भए ।

## व्याख्या तथा विश्लेषण

प्रस्तुत अनुसन्धान पत्र मूलतः स्नातक तह (चार वर्षे बि.एड.) को पाठ्यांशप्रति विद्यार्थीका प्रतिक्रिया सम्बद्ध रहेको छ । यसमा उक्त तहका लागि निर्दिष्ट पाठ्यांशका शीर्षक, परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य र पाठ्यविषय, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया सिफारिस गरिएका पाठ्यपुस्तक तथा सन्दर्भसामग्री गरी जम्मा आठवटा स्तम्भको उपयुक्तता, पर्याप्तता, सान्दर्भिकता तथा समसामयिकताको परीक्षण गरिएको छ ।

यस क्रममा पाठ्यांशको समग्र संरचना मध्यम (६६.६ प्रतिशत) रहेको पाठ्यांशको शीर्षकीय संरचना निम्न (४६.६२ प्रतिशत) रहेको, पूर्णाङ्कसम्बन्धी व्यवस्था मध्यम (४९.९५ प्रतिशत) रहेको उत्तीर्णाङ्क र तह तथा कक्षा सङ्केत मध्यम (४६.६२ प्रतिशत) रहेको र पाठ्यघण्टीको पर्याप्तता निबद्ध व्यवस्था निम्न (७३.३६ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी निर्मित पाठ्यांशमा विद्यार्थी पृष्ठभूमि सङ्केत उत्तम र मध्यममा बराबर (४९.९५ प्रतिशत), पाठ्यांश प्रयोजन सङ्केत उत्तम (५३.२८ प्रतिशत) अपेक्षा सवंकेत, उत्तम (६६.६ प्रतिशत) तथा विषयवस्तु सङ्केत मध्यम (६६.६ प्रतिशत) रहेको देखिन्छ । प्राप्त परिणामअनुसार साधारण उद्देश्यहरूमा पूर्णताका गुण निम्न (५३.२८ प्रतिशत) उपयुक्तताको गुण निम्न (४९.९५ प्रतिशत) र समसामयिकताको गुण पनि निम्न (४९.९५ प्रतिशत) रहेको देखिन्छ । अध्ययनीय पाठ्यांशहरूमा निर्दिष्ट विशिष्ट उद्देश्यहरूमा मापनीयताको गुण मध्यम (४६.६२ प्रतिशत), समसामयिकताको गुण निम्न (४३.२९ प्रतिशत) व्यावहारिकताको गुण मध्यम (४६.६२ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी उद्देश्यगत सन्तुलनको गुण मध्यम (४३.२९ प्रतिशत) तथा अन्तरआबद्धताको

गुण निम्न (५९.९४ प्रतिशत) रहेको देखिन्छ । निर्दिष्ट पाठ्ायंशमा पाठ्यविषय अन्तर्गत छनोटगत उपयुक्तताको गुण मध्यम (३६.६३ प्रतिशत) विविधताको गुण निम्न (५३.२८ प्रतिशत) विधा/विषयगत सन्तुलनको गुण निम्न (७३.२६) प्रतिशत, विषय र समयगत सन्तुलनको गुण निम्न (६६.६ प्रतिशत) समतलीय स्तरण निम्न (३९.९६ प्रतिशत) र तहीय स्तरणको गुण मध्यम (३९.९६ प्रतिशत) रहेको देखिन्छ । समग्रमा विशिष्ट उद्देश्य र पाठ्यविषय निबद्ध गुणप्रति विद्यार्थीहरूका प्रतिक्रिया मध्यम र निम्न रहेको भनिएको देखिन्छ ।

शिक्षण प्रक्रियासम्बन्धी लिइएका प्रतिक्रियाहरु पनि निकै वितरित देखिन्छन् । यसअन्तर्गत शिक्षण प्रक्रियामा पर्याप्तताको सूचना मध्यम (३९.९६), स्तरीयताको गुण निम्न (५२.२८ प्रतिशत), उपयुक्तताको गुण निम्न (४६.६२ प्रतिशत), समसामयिकताको गुण निम्न (६३.२७ प्रतिशत), विद्यार्थीकेन्द्रितता निम्न (८९.९१ प्रतिशत) तथा विविधता पनि निम्न (७३.२६ प्रतिशत) रहेको देखियो । प्रस्तुत अध्ययनका क्रममा प्राप्त परिणामको व्याख्या गर्दा मूल्याङ्कनीय सन्तुलन निम्न (४९.९५ प्रतिशत) सान्दर्भिकता मध्यम (४९.९५ प्रतिशत) प्रश्न प्रकृति र ढाँचाको उपयुक्तता मध्यम (४६.६२ प्रतिशत) र अङ्कभार उत्तम (३९.९६ प्रतिशत) रहेको देखिन्छ । प्राप्त प्रतिक्रिया अनुसार सिफारिस गरिएका पाठ्यपुस्तकहरूमा उपयुक्तताको गुण मध्यम (६६.६ प्रतिशत) प्राप्यताको गुण मध्यम (४३.२९ प्रतिशत) र समसामयिकताको गुण मध्यम (४९.९५ प्रतिशत) रहेको देखिन्छ । विद्यार्थीबाट प्राप्त परिणामअनुसार सन्दर्भ सामग्रीमा उल्लिखित सूचनाअन्तर्गत उपयुक्तताको गुण मध्यम (५९.९४ प्रतिशत) प्राप्यताको गुण निम्न (९३.२४ प्रतिशत) र समसामयिकताको गुण निम्न (५३.२८ प्रतिशत) रहेको देखिन्छ । वस्तुतः प्राप्त प्रतिक्रियाहरु उत्तम, मध्यम तथा निम्नतर्फ वितरित देखिन्छन् ।

## निष्कर्ष

प्रस्तुत अनुसन्धान पत्रमा चार वर्षे बी. एड्. तहका लागि निर्दिष्ट पाठ्यांशका शीर्षक, परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य र पाठ्यविषय, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया सिफारिस गरिएका पाठ्यपुस्तक तथा सन्दर्भसामग्री गरी जम्मा आठवटा स्तम्भको परीक्षण गरिएको छ । यस क्रममा निर्मित पाठ्यांशमा विद्यार्थी पृष्ठभूमि सङ्केत, पाठ्यांश प्रयोजन सङ्केत, अपेक्षा सङ्केत उत्तम रहेको देखिन्छ । पाठ्यांशको समग्र संरचना, पूर्णाङ्क, उत्तीर्णाङ्क र तह तथा कक्षा सङ्केत सम्बन्धी व्यवस्था मध्यम रहेको देखिन्छ । त्यसो त अध्ययनीय पाठ्यांशहरूमा विषयवस्तु सङ्केत, निर्दिष्ट विशिष्ट उद्देश्यहरूमा मापनीयता, व्यावहारिकता र उद्देश्यगत सन्तुलनको गुण मध्यम रहेको देखिन्छ । निर्दिष्ट पाठ्यांशमा पाठ्यविषय अन्तर्गत छनोटगत उपयुक्तता, तहीय स्तरण तथा शिक्षण प्रक्रियासम्बद्ध पर्याप्तता, मूल्याङ्कनीय सान्दर्भिकता, प्रश्न प्रकृति र ढाँचाको उपुक्तता पनि मध्यम नै देखिन्छन् । सिफारिस गरिएका पाठ्यपुस्तकहरूमा पनि उपयुक्तता, प्राप्यता र समसामयिकताको गुण मध्यम तथा सन्दर्भ सामग्रीमा उल्लिखित सूचनाअन्तर्गत उपयुक्तताको गुण पनि मध्यम रहेको देखिन्छ । यस क्रममा पाठ्यांशमा पाठ्यघण्टीको पर्याप्तता निबद्ध व्यवस्था निम्न रहेको देखिन्छ ।

त्यसैगरी निर्मित पाठ्यांशमा साधारण उद्देश्यहरूमा पूर्णता, उपयुक्तता र समसामयिकताको गुण पनि निम्न रहेको देखिन्छ । अध्ययनीय पाठ्यांशहरूमा निर्दिष्ट विशिष्ट उद्देश्यहरूमा समसामयिकताको गुण निम्न र विशिष्ट उद्देश्य एवम् पाठ्यविषयको अन्तरआबद्धताको गुण निम्न रहेको देखिन्छ । निर्दिष्ट पाठ्यंशमा पाठ्यविषय अन्तर्गत विविधता, विधा/विषयगत सन्तुलन, विषय र समयगत सन्तुलन, समतलीय स्तरण निम्न रहेको छ । शिक्षण प्रक्रियामा स्तरीयता उपयुक्तता, समसामयिकता, विद्यार्थीकेन्द्रितता तथा विविधताको प्रतिमान निम्न रहेको देखिन्छ । विद्यार्थीबाट प्राप्त प्रतिक्रियानुसार सन्दर्भ सामग्रीमा उल्लिखित सूचनाअन्तर्गत प्राप्यता र समयिकताको गुण निम्न रहेको देखिन्छ । प्राप्त परिणामको व्याख्यागर्दा निकालिएका निष्कर्षानुसार उक्त तहको पाठ्यांशमा केही संरचनागत सुधार गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६३), *भाषा शिक्षणः केही परिप्रेक्ष तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

एसर, आर.ई.एन्ड सिम्पसोन जे.एम.वाई.(सम्पा.),(१९९४), *इन्साक्लोपेडिया अफ ल्याङ्ग्वैज एन्ड लिङ्ग्विस्टिक,* भोलुम ६ ।

ढकाल, शान्तिप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७३), *भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : एम. के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पौडेल, माधवप्रसाद (२०७४), *भाषा पाठ्क्रम, भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

बेरी, एम. (सन् १९७७), एन इन्ट्रोडक्सन टु सिस्टेमिक लिङ्ग्विस्टिक्स, (भोल्युम १ र २), लन्डनः वाटसफोर्ड ।

*माध्यमिक नेपाली भाषा पाठ्यक्रम* (२०७१), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

भुसाल, केशव र महेशपसाद भट्ट (२०७३), *माध्यमिक नेपाली शिक्षक मार्गदर्शिका,* काठमाडौंः सनलाइट पब्लिकेसन्स प्रा.लि. ।

विल्किन्स, डी. ए. (१९७२), *लिङ्ग्विस्टिक्स इन ल्याङ्ग्वेज टिचिङ,* लन्डन : एडवार्ड आर्नोल्ड ।

शर्मा, एस.के. एन्ड एन कृष्ण स्वामी (सन् १९९८), मोडर्न लिङ्ग्विस्टिक्स : एन इन्ट्रोडक्सन, न्युयोर्क ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रीवास्तव, आर. (इ. १९९६), *भाषा शिक्षण,* नई दिल्ली : दि मैकमिलन कम्पनी अफ इन्डिया लिमिटेड ।